# अर्जुनधारा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

**शनिश्चरे, झापा, कोशी प्रदेश, नेपाल**

## नदीजन्य पदार्थको उत्खनन् तथा विक्रीको लागि बोलपत्र आह्वान सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति: २०८०/१०/१५)**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६४ (च),अर्जुनधारा नगरपालिकाको आर्थिक ऐन, आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त ) कार्यविधि, २०७५, ढुङ्गा, गिटी, बालुवा उत्खनन् बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ तथा अर्जुनधारा नगरपालिकाको नगर कार्यपालिकाको मिति २०८०/०९/२५ को निर्णय अनुसार तपसिलमा उल्लेखित नदीहरुको स्वीकृत घाटहरुमा निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी अर्जुनधारा नगरिपालिकाले तोकेको दरमा विक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नविकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धिकर दर्ता प्रमाणपत्र, आ.व. ०७९/०८० को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न गरी तपसील बमोजिमका सर्तहरुका अधिनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| सि.नं. | सूचना नं. / बोलपत्र नं. | बोलपत्रको नाम | न्यूनतम कबोल रकम (सेवा शुल्क/ मु.अ.कर बाहेक) | बोलपत्र दस्तुर रु | धरौटी रकम |
|---|---|---|---|---|---|
| १ | AM/IR/ 08/080/81 | टाङटिङ नदी प्याकेज १ बाट नदीजन्य सामाग्री उत्खनन् तथा बिक्री | १७१००३०३/– | ५०००/- | कबोल अंकको ५(पाँच) प्रतिशत |
| २ | AM/IR/ 09/080/81 | टाङटिङ नदी प्याकेज २ बाट नदीजन्य सामाग्री उत्खनन् तथा बिक्री | २१९८२३४४/– | ५०००/- | कबोल अंकको ५(पाँच) प्रतिशत |
| | AM/IR/ 10/080/81 | र सुखानी खोलाबाट नदीजन्य सामाग्री उत्खनन् तथा बिक्री | ३४२९१४८/- | ५०००/- | कबोल अंकको ५(पाँच) प्रतिशत |

**शर्तहरु:-**

१) फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. ०७९/०८० को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, बोलपत्र फाराम दस्तुर वापत यस कार्यालयमा नगदै तिरेको वा एन.आई.सि. एसिया बैंक शाखा कार्यालय, शनिश्चरे मा रहेको यस कार्यालयको राजस्व खाता नं.००९२०५०५११२५८०१२ मा नगद जम्मा गरेको नगद भौचर साथ मिति २०८०/११/०१ गते दिनको १२ बजे भित्र विद्युतीय माध्यमबाट खरिद तथा दाखिला गर्न सकिनेछ । विद्युतीय माध्यबाट बोलपत्र पेश गर्ने बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np /egp बाट बोलपत्र सम्बन्धी कागजातहरु डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ । तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको माथि उल्लेखित खाता नं. मा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्नेछ । बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ ।

२) बोलपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । आफूले कबोल गरेको अंकको ५% प्रतिशतको दरले हुने आउने धरौटी रकम यस कार्यालयको एन.आई.सि एसिया मा रहेको धरौटी खाता नं. ००९२०५०५११२५८०१८ जम्मा गरि सोको सक्कल बैंक

अर्जुनधारा नगरपालिका नगर कार्यपालिकाको कार्यालय शनिश्चरे, झापा कोशी प्रदेश, नेपाल

# अर्जुनधारा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
शनिश्चरे, झापा, कोशी प्रदेश, नेपाल

भौचर वा नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरि १२० दिनको म्याद सहित जारी गरिएको बिड बण्ड साथ पेश गर्नुपर्नेछ।

३) खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरि विद्युतीय प्रति दर्ता गर्नु पर्नेछ ।

४) एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाको नामबाट दाखिला गर्न पाइने छैन । रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धि कागजातहरु मिति २०८०/११/०१ गते दिनको १:०० बजे देखि विभिन्न कार्यालयका प्रतिनिधि निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्नेछैन । उक्त दिन बिदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

५) बोलपत्र सम्बन्धि विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । म्याद नाघी, रित नपुगी वा शर्तसहित पेश हुने आएमा बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुनेछैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहेनछ ।

६) बोलपत्र स्वीकृत पश्चात कबोल अंकको ४० प्रतिशतले हुने रकम सम्झौताको समयमा र दोश्रो किस्ताबापत ३० प्रतिशत र तेस्रो किस्ता वापत ३० प्रतिशतले हुने रकम बराबरको नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा २०८१ आषाढ मसान्तसम्म म्याद रहेको बैंक ग्यारेन्टी (परफरमेन्स बन्ड) समेत पेश गरी पट्टा उठाउनुपर्नेछ ।

७) बोलपत्र कबोल गर्ने व्यक्ति वा फर्मले आफूले कबोल गरेको अंक, सेवा शुल्क वापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३ प्रतिशत मु.अ. कर वापतको रकम समेत अग्रिम यस कार्यालयमा बुझाउनुपर्नेछ । नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउनु पर्नेछ ।

८) ठेक्का कबोल रकम एकमुष्ट बुझाएमा कबोल अंकको (भ्याट बाहेकको) १० प्रतिशत छुट दिइनेछ ।

९) नदीजन्य पदार्थ ढुवानी गर्न सडकहरुमा खाल्डा खुल्डी पुर्न, सामान्य मर्मत सुधार गर्ने र कच्ची सडकको धुलो नियन्त्रणका लागि समय समयमा पानीले सडक भिजाउने कार्य सम्बन्धित ठेकेदारले गर्ने पर्नेछ । सो वापत खर्च दावी गर्न पाइने छैन ।

१०) रोडा, ढुङ्गा, बालुवा, ग्राभेल तथा गिट्टी संकलन तथा निकासी सम्बन्धमा नेपाल सरकारबाट स्वीकृत नियमन सम्बन्धी प्रतिवेदन पालना गर्नु पर्नेछ । अनुगमन गर्दा कानून र मापदण्ड बमोजिम कार्य गरेको नपाइएमा तत्काल कानून बमोजिम कारवाही गरिनेछ । यसरी उत्खनन गरेको परिमाणका लागत प्रत्येक १५/१५ दिनमा यस नगरपालिकालाई उपलब्ध गराउनु पर्नेछ ।

११) ठेक्का अवधिभर ठेकेदारले ठेक्का तोड्न पाउने छैन । बिचैमा ठेकेदारले ठेक्का तोडेमा निजबाट असुल हुन बाँकी रकममा १० प्रतिशत व्याज जोडी असुल उपर गरिनेछ । यसरी ठेक्का तोडिन गई बाँकी अवधीको लागि ठेक्का वा अन्य व्यवस्था गर्दा निजले कबोल गरे भन्दा कम रकम उठन गएमा सो कम रकम पनि पूर्व ठेकेदारबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

१२) स्वीकृत IEE प्रतिवेदन अनुसार तोकिएको स्थानबाट तोकिएको परिमाणमा निर्माण सामाग्री उत्खनन, संकलन, घाटगद्धी विक्री वितरण गर्नुपर्नेछ । सो तोकिएको परिमाण तथा नाका भन्दा बाहिर गई निर्माण सामाग्री निकाल्न पाइनेछैन ।

१३) तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोबस्त गरिनेछ । यस नगरपालिकाका नदी तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परिमाण तथा अन्य शर्तहरुका सन्दर्भमा स्थानीय सरकार संचालन ऐन, २०७४, ढुङ्गा गिटी बालुवा उत्खनन् बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ नगरपालिकाबाट जारी भएका कानून, प्रदेश कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ । साथै यस कार्यालयबाट गरिएको बातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अङ्ग मानिनेछ ।

१४) यस सूचना बमोजिम ठेक्का बन्दोवस्त भई सम्झौता हुँदाको मितिसम्म नगरपालिकाले अमानतबाट सङ्कलन गरिएको रकम घटाई सम्झौता गरिनेछ ।

अर्जुनधारा नगरपालिका नगर कार्यपालिकाको कार्यालय शनिश्चरे, झापा कोशी प्रदेश, नेपाल